nepalpostdaily .com

# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १४० पृष्ठ ४ । शुक्रबार ०९ माघ २०८२ । FRIDAY, JANUARY 23, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पर्सा-१ बाट तेस्रो जितको लक्ष्यसहित प्रदीप यादव चुनावी मैदानमा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०८ माघ ।**

पर्सा-१ बाट लगातार दुई पटक विजयी सांसद प्रदीप यादव अब तेस्रो पटक विजयी बन्ने लक्ष्यसहित चुनावी मैदानमा उत्रिएका छन् । २०७४ र २०७९ सालमा क्रमशः संघीय समाजवादी पार्टी र जसपा नेपालबाट विजयी भएका यादवले पर्सा-१ मा इतिहास रचेका छन् । यसपालि उनले नेकपा एमालेबाट उम्मेदवारी दिएका छन् । यादवले आफ्नो कार्यकालमा खानेपानी समस्या समाधान, हैजा नियन्त्रण र कोरोना महामारीमा जनताको घरदैलोमा पुग्ने काम गरेको स्मरण गराए । उनी यस निर्वाचनमा संविधान, संघीयता र लोकतन्त्रको रक्षाका लागि एमाले रोजेको बताएका छन् । पर्सा-१ मा यादवसँगै नेपाली कांग्रेसका अनिल रुंगटा, रास्वपा हरि पन्त, जसपा नेपालका रामरेश प्रसाद यादव लगायत करिब ३० जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

## पर्सा प्रशासनद्वारा इजाजतप्राप्त हतियार बुझाउन आग्रह




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०८ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षित रूपमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय पर्साले इजाजत प्राप्त सबै हातहतियार माघ २० गतेभित्र बुझाउन आग्रह गरेको छ । जिल्ला प्रशासनका अनुसार व्यक्तिगत सुरक्षाको प्रयोजनका लागि स्थानीय प्रशासनबाट अनुमति लिएर राखिएका सम्पूर्ण हातहतियार तथा खरखजाना अनिवार्य रूपमा जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाउनुपर्नेछ । सहायक प्रमुख जिल्ला अधिकारी बिनोद कुमार पोखरेलले निर्वाचनको समयमा सुरक्षा संवेदनशीलता बढ्ने भएकाले सम्भावित जोखिम न्यूनीकरण गर्न यो निर्णय लिइएको जानकारी दिए । उनले निर्वाचनलाई भयमुक्त वातावरणमा सम्पन्न गराउनु राज्यको दायित्व भएको उल्लेख गर्दै यस कार्यमा सबै सरोकारवालाको सहयोग अपरिहार्य रहेको बताए । तोकिएको समयभित्र बुझाइएका हातहतियार निर्वाचन सम्पन्न भएपछि, आगामी चैत २० गतेपछि सम्बन्धित हतियारधनीलाई कानुनअनुसार फिर्ता गरिने प्रशासनले जनाएको छ । प्रशासनले तोकिएको समयसीमाभित्र हातहतियार नबुझाएमा वा आदेश उल्लंघन गरेमा प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी पनि दिएको छ । साथै, निर्वाचनलाई सुरक्षित र विश्वसनीय बनाउन नागरिक, राजनीतिक दल तथा सरोकारवाला पक्षलाई जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरिएको छ ।

## बीरगन्जमा ऐतिहासिक रेलवे संग्रहालय स्थापना गर्ने तयारी



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०८ माघ ।**

वीरगन्जस्थित बीपी उत्थान अगाडि रहेको रेल्वे जग्गामा जनकपुरबाट पुरानो ऐतिहासिक रेल ल्याएर रेल्वे संग्रहालय स्थापना गर्ने तयारी अघि बढाइएको छ । आज स्थलगत निरीक्षण सम्पन्न गरी ऐतिहासिक रेल सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनको विषयमा सरोकारवालाबीच छलफल गरिएको छ । निरीक्षण कार्यक्रममा वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, हरियाली संयोजक, सामुदायिक प्रहरी आदर्शनगरका अध्यक्ष प्रकाश खेतान, सरसफाइ अभियन्ता शिव गुप्ता लगायतको सहभागिता रहेको थियो । सहभागीहरूले प्रस्तावित स्थलको वर्तमान अवस्था, उपलब्ध पूर्वाधार, सम्भाव्यता र संग्रहालय स्थापना प्रक्रियाबारे विस्तृत छलफल गरे । सहभागीहरूले जनकपुरमा रहेको ऐतिहासिक रेल छिट्टै वीरगन्ज ल्याई संग्रहालय निर्माण प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिएका छन् । नगर प्रमुख सिंहले भने, “रेल्वे संग्रहालय स्थापना भएमा वीरगन्जको ऐतिहासिक पहिचान बलियो हुने, आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन हुने र नयाँ पुस्ताले नेपालको रेल्वे इतिहासबारे जानकारी पाउने अवसर प्राप्त गर्नेछ । यो योजना महानगरपालिकाको दीर्घकालीन सांस्कृतिक तथा पर्यटकीय विकास रणनीतिसँग पनि मेल खानेछ ।” निरीक्षण टोलीले आवश्यक कानुनी र प्राविधिक प्रक्रिया पूरा गरी छिट्टै जनकपुरबाट रेल ल्याउने र संग्रहालय निर्माण अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ । प्रस्तावित रेल्वे संग्रहालय वीरगञ्जको नयाँ पर्यटकीय आकर्षणका रूपमा विकास हुने अपेक्षा गरिएको छ ।

## पर्सा-२ मा रास्वपा उम्मेदवार कानुले गरे पर्सागढी मन्दिरबाट चुनावी अभियानको शुभारम्भ



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०८ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुशील साह कानुले ऐतिहासिक पर्सागढीमा रहेको पारसनाथ बाबाको मन्दिरमा दर्शन गरेर आफ्नो चुनावी प्रचार अभियान सुरु गरेका छन् ।अंग्रेज सेनाविरुद्ध गोर्खालीले विजय हासिल गरेको ऐतिहासिक स्थल पर्सागढीस्थित मन्दिरमा बिहीबार बिहान पूजाआजा गरेपछि कानुले अभियानको औपचारिक सुरुवात गरेका हुन् । मन्दिरमा दर्शनपछि उनी आफ्ना समर्थक तथा शुभेच्छुकसँगै पर्सागढी नगरपालिका-४, ५ र ६ का विभिन्न स्थानमा पुगेर स्थानीय मतदातासँग भेटघाटमा जुटेका थिए । चुनावी अभियानको सुरुवातबारे सामाजिक सञ्जालमार्फत धारणा राख्दै कानुले नेपालको गौरवशाली इतिहाससँग जोडिएको पर्सागढीबाट अघि बढ्न पाउँदा गर्व महसुस भएको उल्लेख गरेका छन् । उनले लेखेका छन्, “अंग्रेजविरुद्धको युद्धमा नेपाली वीरताले विजय दिलाएको यही भूमि हो । पुर्खाले जोगाइदिएको पहिचान, स्वाभिमान र गरिमालाई पुनः शिखरमा पुऱ्याउँदै सुरक्षित भविष्य र देशको प्रगतिका लागि रास्वपाको तर्फबाट पर्सा-२ मा अघि बढेको छु ।”इतिहास बदल्ने यात्राको सुरुवात पर्सागढी मन्दिरबाट आशीर्वाद लिएर गर्दा आफू थप ऊर्जाशील र प्रेरित भएको उनले बताए । साथै उनले आफ्नो चुनावी अभियानलाई सफल बनाउन मतदाताहरूको साथ र सहयोग पाउनेमा विश्वास व्यक्त

बाँकी तेश्रो पृष्ठमा⇨

## पूर्वराजा ज्ञानेन्द्र शाह माघ १२ गते जनकपुर आउँदै

**जनकपुर,०८ माघ ।**

पूर्वराजा ज्ञानेन्द्र शाह मधेस प्रदेशको राजधानी जनकपुरधाम आउने भएका छन् । पूर्वराजा शाह माघ १२ गते पत्नी कोमल शाहसहित जनकपुरधाम आउने कार्यक्रम तय भएको उनको सचिवालयले जनाएको छ ।जनकपुर भ्रमणका क्रममा उनले धार्मिक स्थल जानकी मन्दिरको दर्शन गर्ने कार्यक्रम रहेको छ । साथै, त्यहाँ रहेका राजावादी समूह र शुभेच्छुकहरूसँग भेटघाट गर्ने तयारीसमेत रहेको जनाइएको छ ।पूर्वराजा शाहको जनकपुर आगमनलाई धार्मिक तथा सामाजिक भेटघाटका रूपमा लिइएको छ ।

## पर्सामा आमादेखि युवासम्म निर्वाचन प्रहरी बन्ने चाहना



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०८ माघ ।**

आर्थिक आवश्यकता र देश सेवाको चाहनाले पर्सामा आमादेखि युवासम्म निर्वाचन प्रहरी बन्ने होडमा देखिएका छन् । वीरगञ्जको नारायणी रङ्गशालामा भइरहेको शारीरिक अभ्यासमा विभिन्न उमेर समूहका महिला तथा पुरुष उत्साहपूर्वक सहभागी छन् । पर्साको विन्दवासिनी गाउँपालिका-१ की ५३ वर्षीया तीन सन्तानकी आमा शिशकुमारीदेवी विनिन् तेस्रो पटक निर्वाचन प्रहरी बन्ने लक्ष्यसहित अभ्यासमा जुटेकी छन् । रहरभन्दा पनि परिवारको आर्थिक अवस्थाका कारण यो जिम्मेवारी लिन लागेको बताउँदै उनले अघिल्ला दुई निर्वाचनमा म्यादी प्रहरीको अनुभव भएकाले यसपटक पनि छनोट हुने आशा व्यक्त गरिन् । उनका एक छोरा सवारी दुर्घटनापछि शारीरिक समस्याबाट पीडित छन् भने पति खेतीकिसानीमा संलग्न छन् । त्यस्तै, पोखरिया नगरपालिकाकी ३२ वर्षीया दुई सन्तानकी आमा तेतरीदेवी चमार पनि निर्वाचन प्रहरी बन्ने सपना बोकेर कसरत गरिरहेकी छन् । “देशको सेवा पनि हुन्छ, केही आम्दानी पनि,” भन्दै उनले छोराछोरीको पढाइ खर्च जुटाउने अपेक्षा राखिन् । बहुदरमाई नगरपालिका-९ की दुई छोराकी आमा चन्द्रमादेवी आर्थिक अवस्था कमजोर भएकै कारण निर्वाचन प्रहरी बन्ने दौडमा होमिएकी बताउँछिन् । उनले देशसेवाका साथै छोटो अवधिको रोजगारीले राहत मिल्ने विश्वास व्यक्त गरिन् । युवापुस्ताको सहभागितासमेत उल्लेख्य छ । १९ वर्षीया कुशुकुमारीदेखि २४ वर्षे अमृत महतोसम्मले निर्वाचन सफल गराउने उद्देश्य र अनुभव हासिल गर्ने चाहनाले आवेदन दिएका छन् । महतोले निर्वाचन प्रहरीको अनुभवले भविष्यमा सुरक्षाकर्मी बन्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । छिमेकी जिल्ला बाराका १८ वर्षे विदेशप्रसाद यादवले पनि समयको सदुपयोग र अनुभवका लागि सहभागी भएको बताए । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्थाका लागि सरकारले निर्वाचन प्रहरीको आवेदन खुलाएपछि पर्सामा ठूलो सङ्ख्यामा आवेदन परेको हो ।

जिल्ला भर्ना छनोट तथा नियुक्ति समितिले नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरी २ हजार ८५२ जनाको माग गरेकामा, नेपाल प्रहरीतर्फ ५ हजार ३९९ र सशस्त्र प्रहरीतर्फ ५७१ आवेदन परेको छ । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी एवं उपसमिति संयोजक सुमनकुमार कार्कीले सबै उमेर समूहका महिला-पुरुषको उत्साहजनक सहभागिता रहेको बताए । उनले मधेसी समुदायका महिलासमेत अवसर पाए जिम्मेवारी सफलतापूर्वक निभाउन सक्षम छन् भन्ने सन्देश गएको उल्लेख गरे ।

**प्रतिलिपि अधिकार संरक्षण गरौं।**

❖सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
❖सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
❖अर्काको सृजना वा रचना चोरी नगरौं।
❖प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
❖बौद्धिक सम्पत्तिको रक्षा गरौं।
❖सृजनाको संरक्षण गरौं।

**सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### निर्वाचनको महाउत्सव

आगामी फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचन अब सुनिश्चित हुँदै गएको छ । शान्तिसुरक्षालगायतका अनेक विषय उठान गर्दै निर्वाचन सार्न वा टार्न अनेक कोणबाट गरिएको यत्न विफल हुँदै छन् । प्रतिनिधि सभाको निर्वाचनको मनोनयन मङ्गलबार देशभर सम्पन्न भएपछि अन्योलको बादल फाटेको छ । असाध्य नै उत्साहजनक रूपमा भएको मनोनयनले देश अब निर्वाचनको महाउत्सवको नवीन चरणमा प्रवेश गरेको छ । निर्वाचनमा भाग लिन दलीय सहभागिता अत्यन्तै उत्साहजनक पाइएको छ । कुल ६८ दलले उम्मेदवार खडा गरेका छन् । दलीय रूपमा दुई हजार २९७ जनाले उम्मेदवारी दर्ता गरे । निर्वाचनमा स्वतन्त्र उम्मेदवारी खडा भएर जनमत जित्न सक्ने अवसरको उपयोग भयो । स्वतन्त्र उम्मेदवारसहित कुल तीन हजार ४८४ जनाको उम्मेदवारी परेको निर्वाचन आयोगले जनाएको छ । यो अन्तिम होइन । अब मनोनयनको छानबिन हुने छ । कतिपय उम्मेदवारले नाम फिर्ता पनि लिन सक्ने छन् । कतिपय उम्मेदवारविरुद्ध उजुरबाजुरसमेत पर्ने छ । निर्वाचन आयोगले यी प्रक्रिया अगाडि बढाउँदै केही दिनमै अन्तिम उम्मेदवारीको टुङ्गो लगाउने छ । उम्मेदवारी मनोनयनका निम्ति देखिएको उत्साहले मुलुक अब जनादेश अनुरूप परिवर्तनतर्फ अग्रसर छ । भदौ २३ र २४ गते नवयुवा पुस्ता अर्थात् जेनजीले गरेको विद्रोहलाई निर्वाचनमार्फत संस्थागत गर्न आसन्न निर्वाचन सफल हुने विश्वास बढेको छ ।उम्मेदवारीको क्रममा अनेक महाउत्सवका आयाम देखिएका छन् । बर्सौंदेखि संसदीय निर्वाचनको अनुभवले खारिएका उम्मेवारको खाँचो भएको छैन तर मूल रूपमा नयाँ उम्मेदवारको व्यापक प्रवेश आसन्न निर्वाचनको मुख्य आकर्षण हुँदै छ । उमेर समूहगत रूपमा ३६ देखि ५० वर्ष समूहको वर्चस्व नै देखिएको छ । ३६ देखि ५० वर्ष उमेर समूहका एक हजार ६१० जना रहेका छन् । यो ठुलै सङ्ख्या हो । निर्वाचन आयोगका अनुसार २५ देखि ३५ वर्ष उमेर समूहका ५८३ जना रहेका छन् । यसले नयाँ पुस्तालाई संसदीय अभ्यासमा प्रवेश गर्ने अवसर प्रदान गरेको छ । त्यसै गरी ५१ देखि ६५ वर्ष उमेर समूहका एक हजार ९० जनाले मनोनयन दर्ता गरेका छन् भने ६५ वर्षमाथिका २०१ जना रहेका छन् । संसदीय व्यवस्था दलगत व्यवस्थासमेत हो । दलीय आधारमा परेको उम्मेदवारी हेर्दा नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) दुई दलले देशका सबै निर्वाचन क्षेत्र अर्थात् १६५ क्षेत्रमा उम्मेदवार उठाएका छन् । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले १६४ स्थानमा उम्मेदवारी दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी दुवैले बराबर १६३ स्थानमा उम्मेदवारी दिएका छन् । एक सयभन्दा बढी स्थानमा उम्मेदवारी दिनेमा अरू पार्टी पनि छन् । नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाल मजदुर किसान पार्टीलगायतले एक सयभन्दा बढी स्थानमा उम्मेदवारी दिई महाउत्सवमा सहभागी भएका छन् । कुनै पनि निर्वाचनको मनोनयनकै क्रममा अशान्ति हुने जोखिम पनि हुन्छ । विगतका निर्वाचनको अनुभवसमेतका आधारमा शान्ति सुरक्षाको प्रबन्ध प्रभावकारी तवरमा गरिएको छ । मनोनयन शान्तिपूर्ण रूपमा सम्पन्न भयो । निर्वाचन आयोगले मनोनयन शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएकोमा राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला सबैलाई धन्यवाद ज्ञापनसमेत गरेको छ । प्रधानमन्त्री सुशीला कार्कीले निर्धारित समय तालिकाभित्र उत्साहजनक रूपमा मनोनयन सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुभएको छ । उहाँले मनोनयन गर्नुहुने सबै राजनीतिक दल तथा उम्मेदवारमा आभार व्यक्त गर्नुभएको छ । निर्वाचनलाई सफल बनाउने जिम्मेवारी अब राजनीतिक दल र उम्मेदवारमा आएको छ । राजनीतिक दल र उम्मेदवारले अब निर्वाचनको कार्यसूचीलाई मूल प्राथमिकता दिनुपर्ने छ । उम्मेदवारी मनोनयनसँगै राजनीतिक पार्टी र उम्मेदवारले घोषणापत्रसमेत बाहिर ल्याएको भए सुनमा सुवास जस्तै हुने थियो । मतदाताले राजनीतिक दल तथा उम्मेदवारका कार्यसूची र प्राथमिकताको लेखाजोखा गर्न अझ सहज हुने थियो । विगतमा राजनीतिक दल तथा उम्मेदवारले अनेक सपना देखाएर घोषणापत्र ल्याउने तर निर्वाचित भएपछि ती सबै वाचा बिर्सने गरेको समेत देखिएको छ । पूरा हुन नसक्ने, साधन र स्रोतले धान्न नसक्ने वाचा यो निर्वाचनमा मान्य हुने छैन । मतदाताले त्यस्ता वाचाप्रति सचेत हुनुपर्ने छ । मतदाताले अब उम्मेदवार तथा राजनीतिक दललाई प्रश्न गर्नुपर्ने छ । के कसरी मुलुकको भविष्य बनाउने भन्ने मार्गचित्रको माग गर्नुपर्ने छ । यो नागरिकको महाउत्सव हो । देशभरका मतदाताले यसलाई सफल पार्नुपर्ने छ । मुलुकलाई उन्नत भविष्यतर्फ उन्मुख गराउने नेतृत्व निर्वाचित गर्नुपर्ने छ ।

## दलहरूमा आन्तरिक लोकतन्त्रको विचलन




**सागर घले**

लोकतन्त्र प्रणाली अपनाइएको देशमा राजनीतिक दललाई लोकतन्त्रको आधार मानिन्छ । दलहरूले पनि आफूलाई लोकतान्त्रिक हौं भनेर पैरवी गर्छन् । व्यवस्थालाई अझ सुदृढ र सशक्त बनाउन दलहरूभित्र आन्तरिक लोकतन्त्रको आवश्यकता पर्छ । दलहरूले आन्तरिक लोकतन्त्रको प्रतिष्ठालाई बचाउन सिद्धान्त, नीति र आदर्शलाई व्यवहारमा कार्यान्वयन गर्ने नीति लिनुपर्छ । लोकतन्त्रको वाहक शक्ति राजनीतिक दलहरूलाई मानिन्छ । तर राजनीतिक दलहरूले आफ्नो विचार, नीति र रणनीतिलाई व्यवहारमा भने उतार्न नसकेको टीकाटिप्पणी हुने गर्छ । मुख्य निर्णय लिनुपर्दा अझै पनि दलको मुख्य र उच्च तहमा रहेका नेताको भर पर्नुपर्ने स्थिति छ । जसले गर्दा विचार समायोजन र समावेशीकरणमा क्षयीकरणको उच्च सम्भावना रहन्छ । त्यस्तै कुनै पनि राजनीतिक दलमा एकल व्यक्तिको हुकुमी शासन चल्नु भनेको लोकतान्त्रीकरण नभई अधिनायकवादलाई अँगाल्नु हो ।
दलभित्र आन्तरिक लोकतन्त्रको अभ्यास नहुँदा लोकतन्त्र झनै कमजोर भएको छ । नेतृत्व चयन प्रक्रिया लोकतन्त्रको विधि र नियमअनुसार हुनुपर्ने कानुनी व्यवस्था नै छ । राजनीतिक दलले नेतृत्व चयन गर्न महाधिवेशनलाई माध्यम बनाउँछन् । महाधिवेशनलाई नेतृत्व चयन गर्ने एउटा मुख्य बाटो बनाइए तापनि नेतृत्व हस्तान्तरणमा भने दलका मुख्य नेताहरूलाई सधैं सकस पर्ने गरेको छ । यसरी कानुनी र सैद्धान्तिक रूपमा महाधिवेशनलाई नेतृत्व हस्तान्तरणको बाटो बनाइएको भए पनि यसको पूर्ण कार्यान्वयन भने भएको पाइँदैन ।
नेपालको संविधानको धारा २६९ मा राजनीतिक दलसम्बन्धी व्यवस्था गरिएको छ । जहाँ 'दलको विधानमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनुपर्छ' भन्ने उल्लेख छ । तर, 'विशेष परिस्थिति उत्पन्न भई पाँच वर्षभित्र पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसकेमा ६ महिनाभित्र त्यस्तो निर्वाचन गर्न सकिने गरी राजनीतिक दलको विधानमा व्यवस्था गर्न बाधा पर्ने छैन' भन्ने पनि त्यहाँ उल्लेख छ ।
राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले दलका समितिहरूमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । महिला सहभागिताको सन्दर्भमा एकतिहाइ हुनुपर्ने भनी तोकिदिएको छ । संविधानले दलहरूलाई नियमित महाधिवेशन गर्न बाध्य पारेको छ भने ऐनले त्यसलाई थप समावेशी र पारदर्शी बनाउन खोजेको छ । जसमा महिला प्रतिनिधित्व अनिवार्य गरिएको छ र निर्वाचन आयोगलाई दलहरूको अनुगमन गर्ने अधिकार दिएको छ । यदि दलहरूले यी प्रावधान पालना गर्दैनन् भने संविधान र ऐनअनुसार कारबाही हुन सक्छ । तर दलहरू आफूखुसी अघि बढेको देखिन्छ । महाधिवेशनमा नयाँ विचार, नीति र आदर्शको छलफल हुनुपर्नेमा नेतृत्व चयनमा आनाकानी गर्ने र कसले सत्तामा लत्ता बसाउने भन्ने विषयमा नै आम राजनीतिक दलहरू अल्झिने गरेका छन् । दलहरूलाई केले लोकतान्त्रिक बनाउँछ ? केही विद्वान्हरूले दलका सदस्य सम्बन्धका साथै दलको संरचना र संस्थाहरूमा आन्तरिक दलीय लोकतन्त्रलाई चित्रण गर्ने विशेषताहरूको सूची संकलन गरेका छन् । यी विशेषताहरूमा दलभित्र रहेका सदस्यहरूको नेतृत्व चयन गर्ने, सार्वजनिक पदहरूमा दलका उम्मेदवारहरूलाई चयन गर्ने क्षमतासहित दलभित्र अल्पसंख्यकहरूको समान र समानुपातिक प्रतिनिधित्वलाई जोड दिएका छन् ।
त्यस्तै, दलका सदस्यहरूको आधारभूत अधिकारहरूको संरक्षण, निष्पक्ष कारबाहीबिना निष्कासन नगरिने अधिकारसहित दल व्यवस्थापनको जानकारी र पारदर्शिताको अधिकार, विशेष गरी वित्तीय जवाफदेहिता दलभित्र अभिव्यक्ति र संघको स्वतन्त्रता रहनुपर्छ भन्ने पक्षलाई पनि जोड दिएका छन् । राजनीतिक दलभित्र देखिने गुट-उपगुटको कारणले नै कुनै पनि विषयमा सर्वसम्मत सहमतिका साथ छलफल र निर्णय नहुने गरेको छ । जसले दलभित्रको लोकतन्त्र कमजोर बन्दै जाने, अर्कोतिर उच्च नेतृत्व तहका नेताले राजनीतिक दललाई आफ्नो व्यक्तिगत सम्पत्ति जस्तै बनाउने कार्यले राजनीतिक दल स्वच्छ रहन सकेका छैनन् ।दलहरू निर्वाचनमा मात्र केन्द्रित रहँदा दलभित्र उत्पन्न भएका द्वन्द्वहरूको समाधान नै ओझेलमा पर्ने गर्छ । निर्वाचनमा प्रतिनिधित्व गर्ने प्रतिनिधि उठाउँदा नातावाद र कृपावाद अपनाइयो भने सिंगो राष्ट्र नै पछाडि घचेटिन्छ । तर यो सत्यलाई दलहरूले मनन गर्न सकेका छैनन् । समयको मागअनुसार सक्षम प्रतिनिधिलाई नेतृत्व हस्तान्तरण गर्नेभन्दा पनि दलभित्र जसले धेरै चाकरी गरेको छ, उसैलाई प्रतिनिधि बनाउँदा दलभित्रको आन्तरिक लोकतन्त्र खस्किन्छ । राजनीतिक दलभित्र हुनुपर्ने अर्को गुण भनेको जवाफदेहिता हो । दलभित्रबाट नै जवाफदेहिता खोजिनुपर्छ । केन्द्रीय समितिले गर्ने निर्णय, योजना के

बाँकी तेश्रो पृष्ठमा⇨

## के निर्वाचनले यथास्थिति हल्लिन्छ ?

**चन्द्रकिशोर**

लोकतन्त्रमा निर्वाचन यस्तो माध्यम बन्दै आयो, जहाँ वर्चश्वशालीहरूले राज्यसत्तालाई जकडेर यथास्थितिमा राख्न खप्पिस देखिए । पछिल्ला दशकका चुनावी इतिहास यस्तैहरूका कौशल र सिद्धहस्तका चर्तिकलाले भरिएका छन् । यदाकदा मतादेशको तागतले राज्यसत्ता हल्लिन्छ । भूकम्पपछिका परकम्पहरू झेल्दै आखिरमा प्लेटहरूले एक स्थान बनाए जस्तै वर्चश्वशालीहरूले कलपुर्जाहरूमाथिको नियन्त्रण फेरी-फेरी फर्काउन सम्भव तुल्याउँछ । कतिपय अवस्थामा निर्वाचनले नयाँ युगको उद्घोष गर्दै परम्पराको जरा-जीर्ण र लोक अहितकारी सत्ताका भीमकाय पर्खाल गर्ल्यामगुर्लुम ढाल्छन् । नवीन समाज, नौला संस्कृति र नूतन मान्यताको थालनी पनि गर्छन् । तर, यस पटक के हुँदै छ ? के चुनाव लोकतन्त्रको लासलाई वैधता दिने उपक्रम बन्दै छ ? जुन चुनावमा सिद्धान्त गह्रुँगो लाग्न थाल्छ, त्यहाँ संसद् बोझ देखिन थाल्छ । भदौरे चट्याङपश्चात् प्रतिनिधिसभा विघटन गरिँदा आमजनबाट प्रतिरोध गरिएन, कारण संसद्को प्रभावकारिता क्षरण भइसकेको थियो । जनता र संसद् बीच एक खाडल देखिएको थियो । संसद्ले नेपाली जनगणको स्पन्दन प्रकट गर्न आफूलाई निःसहाय पाउँदै थियो र यस्तोमा बलात् विघटित गरिँदा कहीँकतै चुइँ गरिएन ।
अबको निर्वाचनले ताजा प्रतिनिधित्व त देला, तर सम्भावित प्रतिनिधिसभाको स्वरूप, चरित्र, मति कस्तो होला ? यो चुनाव जनताको होइन, जनताका स्मृतिको चुनाव हो । मतदाताले आफ्नो निकट अतीतलाई एक पटक सम्झिए उन्मुक्तिका उज्यालो आफैं फैलिन्छ । नभए सरकार त फेरिएला, सत्ताको चरित्र उही रहिरहन्छ । दलहरूले कस्तालाई प्रत्याशी बनाए ? महिला, दलितहरूले प्रतिनिधित्वको अवसर कति पाउने भए ? टिकट वितरण कसरी गरियो ? चुनावी विमर्शमा के र कसरी सवालहरू उठाइँदै छन् ? भाष्यहरू माथिबाट तल थोपरिँदै छ कि भुइयाँबाट प्रकट संकथनहरू शीर्षमा उचालिँदै छ ? चुनावी तौरतरिका कस्ता छन् ? नयाँ भनाउनेहरू भित्र बासी प्रवृत्ति ज्युँदै रहे कि ? 'अनुभवी' का तात्पर्य फगत एकाधिक चुनावका वाचाहरू बिर्सिनु मात्रै हो कि ? बेरोजगारी 'अंक' होइन, यो त गरिमाको प्रश्न हो । भ्रष्टाचार 'अपवाद' होइन, संरचनात्मक अन्याय हो भनेर को कसले भन्दै छ ? त्यो कत्तिको भरोसायोग्य छ ? विरोधका भाषा मूल्य आधारित छ कि छैन ? के मूल्य फगत भाषणमा उँचो छ, तर व्यवहारमा गयल ? यो त फगत प्रचार हो । यस्तो राजनीतिले सत्ता आरोहणमा सहज त बनाउला, तर ओरालो पनि चाँडै लगाउँछ । खोजतलास कसले गर्ने ? यो निर्वाचनलाई मूल्यको उत्सव नबनाउने हो भने सम्भावित परिदृश्यमा लोकतन्त्र संख्याको बन्धकी बन्न बेर छैन ।यो चुनावमा नयाँ र पुरानाबीच समीकरण कित्ताकाट गर्न जतिसुकै कोसिस गरिए पनि त्यो हुन सकिरहेको छैन । कारण स्वयं आफू 'नयाँ हुँ' भन्ने स्वयंहरूका नै छोटै समयमा देखिएका चालढाल हो । किनभने उनीहरूले बिस्तारै चुनावलाई विचार चयनको महापर्वभन्दा एक मत बटुल्ने मेलाको प्रबन्धन बनाए । उनीहरू के भनिरहेछन् ? 'म तपाईंका लागि लड्छु' वा 'म सत्तामा बसेर तपाईंका प्रति जवाफदेह रहन्छु ।' उनीहरू जनतासँग कम, क्यामरासँग अधिक संवाद गरिरहेका छन् । जहाँ तर्क कमजोर पर्न थाल्छ, त्यहाँ प्रस्तुतिमा राष्ट्रप्रेमको झन्डा ओढ्न पुगिन्छ । चुनावी प्रतिस्पर्धालाई 'इमेज मेनेजमेन्ट'को धन्धा बनाइएको त प्रस्टै झल्किन्छ । आजका चुनावमा प्रत्याशी नेता होइन, अभिनेताको झझल्को बढी दिन थालिएको छ । सामाजिक सञ्जाल अनुकूलका सत्यलाई सजाउँछ र प्रस्तुतिले लोकतन्त्रलाई तमासा बनाउँछ । यो सोसल मिडिया अब प्रचारका साधन मात्रै रहेन, अल्प अवधिमै 'अगमहरू' को चरित्र निर्माणको प्रयोगशाला पो देखियो । राजनीतिक नाट्यशास्त्रमा मञ्च, माइक, क्यामरा, बडी लैंग्वेज एक-एक कुरा 'स्क्रिप्टेड' लाग्न थाल्छ, तब मतदाता आफू कतिखेर बिचरा 'दर्शक' मा बदलिए ? त्यो भेउ नै पाउँदैनन् । यिनै प्रवृत्ति हौसिएको अर्थ परिवर्तन फेरी-फेरी दूर धकेलिनु हो । जे-जे परिदृश्यमा परिलक्षित हुँदै छन्, यसले समाजभित्रका 'सडन' (सडे-गलेका) मात्र दृष्टिगोचर हुँदै छ । यस अर्थमा यो निर्वाचन समाजका एक्स-रे हो । चुनावी खर्चको अपारदर्शिताको घनत्व बाक्लिएको छ । तसर्थ यो चुनाव लोकतन्त्रको परीक्षा होइन, समाजको स्विकारोक्ति हो । चुनावमा जाति, धर्म, भाषा, क्षेत्रको उपयोग मत बटुल्ने औजारका रूपमा देखियो । पहिचानलाई भोटबैंक प्रयोजनका रूपमा देख्ने, फकाउने, स्नेहपूर्वक समाउने त गरिन्छ तर नीति निर्माणको आधार बनाइँदैन । प्रियतावादको चकाचौंधमा 'म नै जनता हुँ' स्थापित गर्दै प्रतिनिधित्वलाई व्यक्तित्वमा बदलिने 'खेला' हुँदै छ । यतिखेर भाषा-भंगिमा देखाएर भावनात्मक उन्मादको माहोल बनाइँदै छ । यो चुनावमा मधेश आन्दोलन, जनजाति आन्दोलन थचारिन्छ । सैद्धान्तिक तवरमा भलै भनियोस् चुनाव त्यो क्षण हो, जब समाज आफ्नो बारे स्वयं निर्णय दिन्छ । तर, 'बोल्छु' भनेर अगाडि तम्सिनेहरू नै वर्चश्वशालीहरूको प्यादा ठहरिन्छन् तब वञ्चित आकांक्षा किनारामा धकेलिन्छ । यसरी यो निर्वाचनमा ताजा जनादेशको नाममा सामाजिक विभाजनलाई स्थायी बनाउने जोखिम बढी छ । समाजशास्त्रीय दृष्टिले चुनाव समान अवसरको प्रक्रिया होइन । यसपालि अर्थ, सत्ता-शक्तिका कृपादृष्टि, मिडिया प्रबन्धन र भीड उक्साउने शक्ति जोसँग छ, जसले त्यो व्यूह रचेका छन्, यो चुनावी विमर्शलाई तिनैले नियमित गर्छ । चुनावले रेखांकित गर्छ कि समाज कस्तो मूल्यबाट व्यवस्थित हुन खोजिरहेको छ ?

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्पको कदमपछि युरोपमा राहत



**काठमाडौं, ०८ माघ ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्डसम्बन्धी आफ्नो कडा अडान नाटकीय रूपमा परिवर्तन गरेपछि युरोपेली देशहरूले बिहीबार राहतको सास फेरेका छन् । स्विट्जरल्यान्डको डाभोसमा जारी विश्व आर्थिक फोरममा सहभागी युरोपेली नेताहरूले एक दिनअघि मात्रै आठ युरोपेली राष्ट्रमा शुल्क लगाउने धम्की दिएका ट्रम्पको पछिल्लो अभिव्यक्तिलाई सकारात्मक संकेतका रूपमा लिएका छन् ।

राष्ट्रपति ट्रम्पले अब ग्रिनल्यान्ड कब्जा गर्न बल प्रयोग नगर्ने र आर्कटिक सुरक्षाबारे नाटोसँगको सहकार्यमा नयाँ ढाँचा तयार गर्ने बताएका छन् । तर यो नयाँ ग्रिनल्यान्डसम्बन्धी समझदारीले वास्तवमा के जनाउँछ भन्ने विषयमा अझै धेरै प्रश्नहरू अनुत्तरित नै रहेका छन् । यसैबीच, डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सनले आफ्नो देशको सार्वभौमसत्तामा कुनै पनि प्रकारको वार्ता सम्भव नभएको स्पष्ट पारेका छन् । अमेरिकी पक्षले ग्रिनल्यान्डमाथि बल प्रयोग नगर्ने र आर्कटिक सुरक्षाका लागि नाटोसँग सहकार्य गर्ने बताएको सन्दर्भमा उनलाई 'यस्तो कुनै प्रस्ताव नरहेको' जानकारी दिइएको उनको भनाइ छ । एक वक्तव्यमा उनले आर्कटिक क्षेत्रको सुरक्षा सम्पूर्ण नाटोको साझा विषय भएको र यसबारे अमेरिकी राष्ट्रपति र नाटो महासचिव मार्क रुटबीच छलफल हुनु स्वाभाविक भएको बताए । उनले डाभोसमा राष्ट्रपति ट्रम्पसँग भेटघाट हुनु अघि र पछि समेत महासचिव रुटसँग निरन्तर सम्पर्कमा रहेको जानकारी दिए । डाभोसकै कार्यक्रममा अमेरिकी विशेष दूत स्टिभ विटकफले राष्ट्रपति ट्रम्पले युक्रेनका लागि 'ट्यारिफ-फ्री जोन' जस्तो अवधारणा विचार गरिरहेको खुलासा गरे । उनका अनुसार यसले युद्धग्रस्त युक्रेनमा उद्योग र अर्थतन्त्रको पुनर्निर्माणमा ठूलो सहयोग पुऱ्याउन सक्छ । 'राष्ट्रपतिले युक्रेनका लागि शुल्कमुक्त क्षेत्रको कुरा गरेका छन् , जुन मेरो विचारमा खेल परिवर्तन गर्ने खालको हुनेछ', विटकफले युक्रेन ब्रेकफास्ट नामक साइडलाइन कार्यक्रममा भने । रुस-युक्रेन युद्ध अन्त्य गर्न शान्ति सम्झौताका लागि पहल गरिरहेको अमेरिकी प्रशासनको तर्फबाट विटकफले मस्को जानुअघि यी टिप्पणीहरू गरेका हुन् । उनले अबुधाबी क्षेत्रतर्फ पनि भ्रमण गर्ने योजना रहेको बताउँदै त्यहाँ सैन्य-देखि-सैन्य संवाद र समृद्धिसम्बन्धी विषयमा कार्य समूहस्तरका छलफल हुने जानकारी दिए । यता, डाभोसमा उपस्थित युरोपेली प्रतिनिधिहरूले ट्रम्पको पछिल्लो अभिव्यक्तिले तत्कालका लागि तनाव कम गरेको प्रतिक्रिया दिएका छन् । विश्व आर्थिक फोरमको एक कार्यक्रममा युक्रेन युद्ध र आर्कटिक सुरक्षाबारे नाटो महासचिव रुटसँग छलफल हुने कार्यक्रमलाई समेत महत्त्वका साथ हेरिएको थियो । ट्रम्पको ग्रिनल्यान्डसम्बन्धी अडान फेरिएसँगै युरोपमा तत्कालको संकट टरेको अनुभूति भए पनि यसको दीर्घकालीन प्रभावबारे अझै स्पष्टता आउन बाँकी रहेको विश्लेषकहरूको भनाइ छ ।

## ग्रिनल्याण्ड वार्ता तत्काल अघि बढाउन अमेरिकी राष्ट्रपति ट्रम्पको आग्रह



**काठमाडौं, ०८ माघ ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्याण्ड अधिग्रहणका सम्बन्धमा तत्काल वार्ताको माग गरेका छन् ।

ट्रम्पले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षाका लागि ग्रिनल्याण्ड आफ्नो नियन्त्रणमा लिन खोजेको भन्दै यस्तो बताएका हुन् । "यो विशाल भूमि र बरफको यो विशाल टुक्रालाई संयुक्त राज्य अमेरिका एक्लैले रक्षा गर्न सक्छ," ट्रम्पले स्विस स्की रिसोर्टमा एक घण्टाभन्दा बढी लाइनमा रहेका विश्वव्यापी राजनीतिक र व्यापारिक नेताहरूको खचाखच भरिएको दर्शकलाई सम्बोधन गर्दै भनेका छन् । उनले भनेका छन्, "तपाईं हुन्छ भन्नुस् । हामी धेरै सराहना गर्नेछौं । तपाईं हुन्न पनि भन्न सक्नुहुन्छ र हामी यसलाई सम्झनेछौं । एक बलियो र सुरक्षित अमेरिका भनेको एक बलियो नेटो पनि हो ।"उनले यो आरोप लगाएकोमा डेनमार्कलाई 'कृतघ्न' को संज्ञा दिए । ट्रम्पले ग्रीनल्याण्डदेखि कर र अर्थतन्त्रसम्मका कैयौं विषयमा युरोपको आलोचना गर्दै आएका छन् । खनिजका लागि धनी ग्रिनल्याण्डमाथि हिउँमा बिछ्याइएको रातो कार्पेटमा हेलिकप्टरबाट अवतरण गरेका ट्रम्पको दाबीले डाभोसमा भएको बैठकलाई पूर्ण रूपमा ओझेलमा पारेको थियो । विद्युतीय समस्याले एयर फोर्स वानलाई वाशिङ्टनमा फर्कन र विमान परिवर्तन गर्न बाध्य पारेका कारण उनी निर्धारित समयभन्दा दुई घण्टा ढिलो कार्यक्रमस्थलमा आइपुगेका थिए । युरोप र क्यानडाले यसअघि अर्ध-स्वायत्त ग्रिनल्याण्डमाथि ट्रम्पको क्षेत्रीय महत्वाकाङ्क्षाबाट अमेरिकी नेतृत्वको विश्व व्यवस्थालाई खतराको रूपमा हेरेका थिए ।

## अफगानिस्तानमा भएको आक्रमणको राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा निन्दा



**काठमाडौं, ०८ माघ ।**

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले अफगानिस्तानको राजधानी काबुलस्थित एक रेस्टुरेन्टमा भएको आक्रमणको कडा निन्दा गरेको छ । उक्त आक्रमणमा सर्वसाधारण नागरिकको ज्यान जानुका साथै थुप्रै घाइते भएका थिए । सुरक्षा परिषद्का सदस्यहरूले पछिल्लो समय आतङ्कवादी गतिविधिले अफगानिस्तान मात्र होइन, विश्वकै शान्ति र सुरक्षामा गम्भीर खतरा सिर्जना गरिरहेको उल्लेख गरेका छन् । उनीहरूले यस्ता निन्दनीय कार्यका योजनाकार, संलग्न व्यक्ति तथा प्रायोजकलाई जवाफदेही बनाउँदै न्यायको कठघरामा ल्याउँनुपर्नेमा जोड दिएका छन् । परिषद्ले सबै राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय कानुन र सम्बन्धित सुरक्षा परिषद्का प्रस्तावअनुसार आफ्ना दायित्व पूरा गर्दै सक्रिय सहयोग गर्न आग्रह गरेको छ । साथै, आतङ्कवादका कुनै पनि कार्य आपराधिक र अन्यायपूर्ण हुने स्पष्ट पार्दै संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानुन र मानवीय कानुनविपरीत हुने यस्ता गतिविधिविरुद्ध एकजुट भएर लड्नुपर्ने आवश्यकता औंल्याएको छ ।

### दलहरूमा आन्त........

कस्ता छन् र त्यसले कस्तो प्रभाव पार्छ भन्ने कुराको खोजीनिती दलभित्र रहेका कार्यकर्ताले गर्नुपर्छ । जसले शीर्ष नेताहरूलाई थप जिम्मेवारी र जवाफदेही बनाउँछ । उठाइएका प्रश्नहरू दबाउन खोजिने, दलभित्रका आन्तरिक द्वन्द्वलाई उजागर गर्न खोजिने, विरोधी स्वरहरूलाई कारबाहीको दायरामा ल्याउन खोजिने आदि इत्यादि अलोकतान्त्रिक अभ्यासले राजनीतिक अस्थिरता मात्र विकास गर्छ, लोकतन्त्र प्रणाली फस्टाउँदैन । देशमा रहेका केही दलले राजनीतिक प्रणालीमाथि दोषारोपण गर्ने गरेको पाइन्छ । राजनीतिक प्रणालीलाई स्थायित्व दिन सबैभन्दा पहिले दलहरूले आफ्नो प्रवृत्ति सुधार्न आवश्यकता रहेको छ भन्ने कुरा उनीहरूले बुझ्न सकेका छैनन् र बुझे पनि कार्यान्वयन गर्न पछाडि सर्ने गरेका छन् । बदलिंदो समयअनुसार आफूलाई परिवर्तन गर्न नसकेको कारण पनि नेतृत्व हस्तान्तरणमा समस्या देखिने गरेको छ । संविधान र कानुनी प्रावधाननुसार महाधिवेशनलाई नेतृत्व छनोटको माध्यम बनाइएको भए पनि लामो समयदेखि तिनै पुरानो अनुहार देखिन्छन् । सम्भावना बोकेका युवा नेतृत्वलाई किनारा लगाइँदा युवा वर्ग राजनीतिमा आफ्नो भविष्य नरहेको गुनासो गर्छन् । राजनीतिक दललाई चलाउने सधैं पाका नेताहरू भए, जसले दललाई समयअनुरूप परिवर्तन गर्न सकेनन् भन्ने बहस त पुरानै हो । देशमा रहेका युवाहरूलाई राजनीतिप्रति कसरी आकर्षित गर्न सकिन्छ भन्ने विषयको छलफल दलहरूमा कमै हुने गर्छ । देशमा संघीयता लागू भएपश्चात् गाउँ-गाउँमा सरकार पुगेको छ । गाउँ-गाउँमा जनप्रतिनिधि छन्, जसले स्थानीय मुद्दाहरूलाई उठाउने र समायोजन गर्ने गरेका छन् । गाउँमा भएका युवाहरूलाई राजनीति र देशको समसामयिक परिस्थितिबारे छलफल गरी उनीहरूलाई भविष्यमा आउन सक्ने परिस्थितिको मूल्यांकन गर्न सिकाइए राजनीतिक दल र युवाबीचको जुन दूरी छ, त्यसलाई कम गर्न भने अवश्य सकिन्छ ।

राजनीतिक दलहरूमा आन्तरिक लोकतान्त्रिक संरचनाको स्थापना गर्न सहभागितामूलक निर्णय र छलफल हुनुपर्ने आवश्यकता देखिन्छ । केन्द्रीय समितिले समितिभित्र मात्र सीमित नभई तल्लो तहका नेता, कार्यकर्ताको विचार, विश्लेषणलाई पनि स्थान दिइए निर्णय प्रक्रियामा समावेशीकरण देखिन्छ ।साभार ईकान्तिपुर ।

### के निर्वाचनले............

समाजले मतदानमार्फत अतीतलाई सम्झिराख्ने हो कि आगत पदचाप सुन्ने चेष्टा गर्ने हो ? मतदाताले विचारधारा, मार्गचित्र, प्रक्रिया र पात्रतालाई प्राथमिकता दिइरहेको छ कि जाति, भाषा र क्षेत्रीय पहिचानलाई ? चुनाव सामाजिक चेतना र सत्ता संरचनाबीचको सम्बन्ध उजागर गर्ने र नयाँ व्याकरण निर्माण गर्ने अवसर हो, तर हामी के त्यो दिशामा लम्किरहेका छौं ?कहींकतै वर्चश्वशालीहरूको व्यूहको केन्द्र ध्वस्त हुने छाँटकाँट देखिँदैन । किनभने विपन्न, वञ्चितहरूका मत त बराबर हुन्छ, तर आवाज बराबर हुन गइरहेको छैन । चुनावी प्रतिस्पर्धामा राष्ट्र, भय, गौरव, अतीतका स्मृतिसँग जोडिएका प्रतीकहरू प्रक्षेपणमार्फत सामूहिक भावनालाई स्पर्श गर्न हौसिएका छन् । जब भावना राजनीतिको मुख्य आधार बन्न थाल्छ तब लोकतन्त्रले क्रमशः भीडतन्त्रमा काँचुली फेर्न पुग्छ । आफ्नो हकमा वञ्चित समुदायले बराबरी खोजेको छ । अधिकारसम्पन्न प्रादेशिक संरचना, विविधतायुक्त राष्ट्रियता, हरेक अंगमा समानुपातिक प्रतिनिधित्व । यो उठाइएका मुद्दा सबैका हुन् । तर, वञ्चित समुदाय चुनावमा निर्णायक हुँदाहुँदै पनि सत्तामा अल्प प्रतिनिधित्वको नियति बेहोर्न गइरहेको छ । यो विरोधाभासको अन्तर्य हो ।साभार ईकान्तिपुर ।

### पर्सा-२ मा....................

गरे ।पर्सा क्षेत्र नम्बर २ अन्तर्गत वीरगञ्ज महानगरपालिकाका ३२ मध्ये १३ वटा वडा, पर्सागढी नगरपालिकाका सबै ९ वडा तथा बहुदरमाई नगरपालिकाका वडा नम्बर २, ३, ४ र ६ गरी कूल २६ वटा वडा समेटिएका छन् ।

### महोत्तरीमा दल...........

क्षेत्र नम्बर १ मा १२ जना, क्षेत्र नम्बर २ र ३ मा समान १५-१५ जना तथा क्षेत्र नम्बर ४ मा १३ जनाले उम्मेदवारी दिएका छन् । यता, स्वतन्त्र उम्मेदवारको संख्या निर्वाचन क्षेत्र नम्बर ३ मा सबैभन्दा बढी २७ जना रहेको छ । क्षेत्र नम्बर ४ मा २४, क्षेत्र नम्बर २ मा २२ र क्षेत्र नम्बर १ मा १५ जना स्वतन्त्र उम्मेदवार रहेका छन् । महिला उम्मेदवारको सहभागितामा पनि स्वतन्त्र उम्मेदवारको संख्या उल्लेख्य देखिएको छ ।

जिल्लाभर कुल १९ जना महिलाले उम्मेदवारी दर्ता गराएकामा १० जना स्वतन्त्र उम्मेदवार रहेको सहायक निर्वाचन अधिकृत भरतमणि पोखरेलले जानकारी दिए । उनका अनुसार निर्वाचन क्षेत्र नम्बर १ र २ मा समान पाँच-पाँच जना, क्षेत्र नम्बर ३ मा दुई जना र क्षेत्र नम्बर ४ मा सात जना महिला उम्मेदवार रहेका छन् ।

# स्वास्थ्य

## महिनावारी भएको कति दिनपछि गर्भ बस्छ ?




महिनावारी भएको कति दिनपछि गर्भ बस्ने सम्भावना हुन्छ ? यो जिज्ञासा अस्पताल आउने धेरै दम्पतीको हुन्छ । महिनावारी चक्रको विभिन्न चरणले नै महिलाको शरीरमा हुने जैविक परिवर्तन र गर्भधारणको सम्भावना निर्धारण गर्छ । महिना चक्र सामान्यतया २८ दिनको हुन्छ । कसैको बढीमा ३५ दिनको पनि हुनसक्छ । यही मितिलाई नै आधार मानेर गर्भ रहने समय कहिले उच्च छ भनेर अनुमान गर्न सकिन्छ । **कति दिनपछि गर्भ रहन्छ त ?** सामान्यतया महिनावारी भएको १४ दिनपछि यौन सम्बन्ध राखेमा गर्भावस्थाको सम्भावना धेरै हदसम्म बढ्छ । किनभने अण्डाशयबाट अण्डा निस्कने सही समय महिनावारी चक्र समाप्त भएको १४ दिनपछि हो । गर्भ रहन वीर्यको मिलन अण्डासँग हुन जरुरी छ । अण्डाशयबाट निस्कने अण्डा १२ देखि २४ घण्टासम्म बाँच्न सक्छ ।


सो समयभित्र यौन सम्पर्क भएमा शुक्रकीटले यसलाई निषेचन गर्छ, जसले गर्दा गर्भावस्था हुन्छ । महिलाको शरीरमा वीर्य तीन दिनसम्म जीवित रहन्छ । यस्तोमा अण्डा ननिस्किएको दुई दिनअघि यौन सम्बन्ध राखे पनि गर्भ रहने सम्भावना बढी हुन्छ । **गर्भ बस्ने प्रक्रिया** महिनावारीपछि प्रत्येक महिना महिलाको अण्डाशयबाट एउटा अण्डा निस्किन्छ । अण्डा उत्पादन भइरहेको समयमा यौन सम्पर्क हुँदा शुक्रकीटले अण्डालाई निषेचन गर्न सफल हुनसक्छ । र, निषेचित अण्डा पाठेघरमा पुग्छ, तब गर्भ रहन्छ । यो प्रक्रियाका लागि शुक्रकीट योनी र पाठेघर हुँदै डिम्ब नलीमा पुग्नु आवश्यक छ । निषेचन प्रक्रियापछि मात्र अण्डा कोषले डिम्बबाहिनी नलीको मद्दतले अण्डाशय छोड्छ । र, आफ्नो सही स्थान अर्थात् गर्भाशयमा पुग्छ । **गर्भधारणका लागि सही समय**यस्तो कुनै समय हुँदैन, जुन गर्भावस्थाका लागि सुरक्षित भन्न सकियोस् । महिनावारीको पहिलो दिनदेखि दशौं दिनसम्म गर्भधारणको सम्भावना धेरै कम हुन्छ । १२ देखि १८ दिनको अवधिमा भने गर्भधारणको सम्भावना उच्च रहन्छ । **अण्डा निस्किने समय पत्ता लगाउने एप कति विश्वसनीय ?** याद गर्न सहज होस् भन्ने हिसाबले केही ओभुलेसन एपहरू पनि बनेका छन् । संसारभर ४०० भन्दा बढी प्रजनन एपहरू प्रयोग भइरहेका छन् । यी एपहरूलाई 'फ्यामटेक' नाम दिइएको छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# निपाह भाइरसको खतरा बढेसँगै सीमा नाकामा कडाइ, यात्रु निगरानी तीव्र



**काठमाडौं, ०८ माघ ।**

छिमेकी मुलुक भारतमा निपाह भाइरसको संक्रमण पुष्टि भएपछि नेपाल सरकारले सम्भावित जोखिम न्यूनीकरणका लागि सीमा नाका र हवाई मार्गहरूमा निगरानी बढाएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार भारतको पश्चिम बंगालमा केही साताअघि निपाह भाइरस देखिएपछि नेपाल प्रवेश गर्ने यात्रुहरूको हवाई तथा थल नाकामार्फत स्वास्थ्य जाँच सुरु गरिएको हो। मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सीमा नाकामा स्थापना गरिएका हेल्थ डेस्कमार्फत ज्वरो, खोकी, श्वासप्रश्वासमा समस्या जस्ता लक्षण देखिएका यात्रुको निगरानी भइरहेको जानकारी दिए । उनका अनुसार निपाह भाइरसको जोखिमलाई ध्यानमा राख्दै शंकास्पद व्यक्तिको उपचारका लागि देशभरका अस्पतालहरू समेत तयारी अवस्थामा राखिएको छ । निपाह भाइरस चमेरो, सुंगुर तथा संक्रमित व्यक्तिबाट सर्न सक्ने भएकाले जोखिमयुक्त क्षेत्रबाट आएका व्यक्तिलाई केही समय क्वारेन्टाइनमा राख्न र अनावश्यक सम्पर्क नगर्न नागरिकलाई सचेत गराइएको उनले बताए । यसअघि महामारी तथा रोग नियन्त्रण महाशाखाले देशभरका अस्पताललाई निपाह भाइरसका लक्षण देखिएका बिरामी तथा त्यस्ता लक्षणका कारण मृत्यु भएका घटनाबारे तत्काल जानकारी गराउन निर्देशन दिएको थियो। विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) का अनुसार निपाह भाइरसको संक्रमणपछि ३ देखि १४ दिनभित्र लक्षण देखिन सक्छन्। ज्वरो, टाउको दुख्ने, खोकी, घाँटी दुख्ने, श्वासप्रश्वासमा समस्या देखिनुका साथै केही बिरामीमा मस्तिष्क सुन्निने समस्या पनि देखिन सक्छ । गम्भीर अवस्थामा बिरामी अचेत हुने, सिजर आउने र २४ देखि ४८ घण्टाभित्र कोमामा पुग्ने अवस्था आउन सक्ने चिकित्सकहरूले बताएका छन् । डब्ल्युएचओका अनुसार यस रोगबाट मृत्यु हुने जोखिम ४० देखि ७० प्रतिशतसम्म रहन सक्छ । कोरोना भाइरसजस्तै निपाह भाइरस पनि जनावरबाट मानिसमा सर्न सक्ने जोनोटिक भाइरस भए पनि यसको जोखिम र ज्यान जाने सम्भावना अझ बढी रहेको स्वास्थ्य विज्ञहरूको भनाइ छ । संक्रमित जनावरको मासु सेवन गर्दा वा चमेरोसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कबाट यो रोग फैलिन सक्ने जोखिम रहन्छ । सन् १९९९ मा मलेसिया र सिंगापुरमा पहिलोपटक निपाह भाइरस पहिचान भएको थियो । भारतमा सन् २००१ र २००७ मा पश्चिम बंगाल तथा सन् २०१८ मा केरलामा फैलिएको महामारीमा ठूलो सङ्ख्यामा मानवीय क्षति भएको थियो । यही अनुभवका आधारमा नेपाल सरकारले संक्रमण फैलिन नदिन उच्च सतर्कता अपनाएको जनाएको छ ।


# पूर्वसहकर्मीहरूसँगै कडा प्रतिस्पर्धा : सप्तरी-२ मा सीके राउतको दोस्रो परीक्षा



**जनकपुर, ०८ माघ ।**

सप्तरी-२ को प्रतिनिधिसभा निर्वाचन यसपटक पनि चासो र चर्चाको केन्द्र बनेको छ । २०७९ को निर्वाचनमा जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्दै यही क्षेत्रबाट जित हासिल गरेका थिए । तर यसपटक राउतको चुनौती झन् जटिल बन्दै गएको छ, किनकि उनका आफ्नै पूर्वसहकर्मीहरू उनीविरुद्ध चुनावी मैदानमा उत्रिएका छन् । यसअघि यही क्षेत्रबाट चुनाव लड्ने तयारीमा रहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव राउतले क्षेत्र नछाडेपछि सप्तरी-३ सरेका छन् । सप्तरी-२ मा भने जसपा नेपालले नेता उमेश यादवलाई उम्मेदवार बनाएको छ । राउतका लागि सबैभन्दा ठूलो चुनौती भनेका उनकै पार्टीबाट छुट्टिएका दुई प्रभावशाली नेता हुन् । जनमत पार्टीबाट मधेस प्रदेशका मुख्यमन्त्री भइसकेका सतिश सिंहले स्वाभिमान पार्टीबाट राउतविरुद्ध उम्मेदवारी दिएका छन् । त्यस्तै, जनमत पार्टीका पूर्वप्रवक्ता तथा राउतका निकट मानिने डा. शरतसिंह यादवले आफ्नै नेतृत्वमा गठन गरेको जनअधिकार पार्टीबाट उम्मेदवारी दिएका छन् । संयोगवश, दुवै नेता पार्टी विभाजनको कारण बनेका विवादपछि अहिले राउतकै विपक्षमा उभिएका छन् । 'पुस्तान्तरण आन्दोलन' (जेनजी आन्दोलन) पछाडि मुख्यमन्त्री सतिश सिंहलाई राजीनामा गर्न बाध्य पारिएको घटनाले जनमत पार्टीभित्र विवाद चुलिएको थियो । पछि अदालतबाट पार्टीसम्बन्धी निर्णय आएपछि सतिश जनमतमै फर्किए पनि उम्मेदवारी दर्ताको अघिल्लो दिन प्रदेशसभा सदस्यबाट राजीनामा दिएर स्वाभिमान पार्टीबाट राउतविरुद्ध मैदानमा उत्रिएका हुन् । शरतसिंह यादवले पनि आन्दोलनपछि पार्टी नेतृत्व परिवर्तनको माग गर्दै राउतको राजीनामा मागेका थिए । तर उल्टै पार्टी छाड्न दबाब परेपछि उनले जनअधिकार पार्टी गठन गरी अहिले प्रत्यक्ष प्रतिस्पर्धामा उत्रिएका छन् । राजनीतिक विश्लेषकहरूका अनुसार सतिश र शरतसिंहको उम्मेदवारीले राउतको मत कटिने सम्भावना बढेको छ, जसको फाइदा जसपा नेपालका उमेश यादवलाई पुग्न सक्ने आँकलन गरिएको छ । गत निर्वाचनमा राउतले ३५ हजार ४२ मत ल्याउँदै सहज जित हासिल गरेका थिए भने उपेन्द्र यादवले १६ हजार ९७९ मत पाएका थिए । त्यतिबेला लोसपाका उम्मेदवार जेपी ठाकुरले सात हजार ३४७ मत ल्याएका थिए । अहिले भने जसपा र लोसपा एकीकृत भइसकेका छन् । तर यसपटक कुनै पनि प्रमुख दलबीच औपचारिक गठबन्धन छैन, सबै दल आ-आफ्नै बलमा मैदानमा छन् । यस क्षेत्रबाट नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीसहित विभिन्न नयाँ तथा साना दलका उम्मेदवार गरी ३२ जनाले उम्मेदवारी दिएका छन् । तर प्रारम्भिक प्रतिक्रिया अनुसार मुख्य प्रतिस्पर्धा सीके राउत, सतिश सिंह र जसपा नेपालका उमेश यादवबीच नै हुने देखिन्छ । सप्तरी-२ मा दोहोऱ्याएर जित्ने इतिहास नदेखिएकाले राउतका लागि यो चुनाव थप चुनौतीपूर्ण बनेको छ । पत्रकार श्यामसुन्दर यादवका अनुसार २०५६ पछि यहाँबाट कुनै पनि उम्मेदवारले दोहोऱ्याएर जित हासिल गर्न सकेका छैनन् । गजेन्द्रनारायण सिंह, रामराजा प्रसाद सिंहदेखि उपेन्द्र यादवसम्मको राजनीतिक इतिहास बोकेको यो क्षेत्रमा मतदाताको निर्णय अप्रत्याशित रहने गरेको छ । पहिलोपटक संसद् प्रवेश गर्दा 'वैकल्पिक शक्ति'को छविसहित उदाएका राउत अहिले आफ्नै पार्टी विभाजन, कमजोर संगठन र कडा प्रतिस्पर्धाको सामना गरिरहेका छन् । सप्तरी-२ मा यसपटक पनि नयाँ इतिहास दोहोरिन्छ कि राउत अपवाद बन्छन् भन्ने प्रश्नले चासो बढाएको छ ।

# बीरगन्ज नाकाबाट निर्यातमा उल्लेख्य वृद्धि, ६ महिनामै ४८ अर्ब रुपैयाँको स्वदेशी वस्तु बाहिरियो




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०८ माघ ।**

मुलुकको प्रमुख व्यापारिक नाका बीरगन्जबाट चालु आर्थिक वर्षको पहिलो छ महिनामा हुने निर्यातमा उल्लेख्य सुधार देखिएको छ । बीरगन्ज भन्सार कार्यालयको तथ्याङ्कअनुसार यस अवधिमा ४८ अर्ब १० करोड रुपैयाँ बराबरका स्वदेशी वस्तु विदेशी बजारमा निर्यात भएका छन् । यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५२ प्रतिशतले बढी हो । अघिल्लो वर्षको पहिलो छ महिनामा बीरगन्ज नाकाबाट ३१ अर्ब ६७ करोड रुपैयाँ बराबरको मात्रै निर्यात भएको थियो । भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार निर्यातमा देखिएको यो वृद्धि मुलुकको वैदेशिक व्यापार सन्तुलनका लागि सकारात्मक संकेत हो । उनका अनुसार बीरगन्ज नाकाबाट निर्यात हुने वस्तुहरूमा प्रशोधित खाद्य तेलको हिस्सा सबैभन्दा बढी रहेको छ । तथ्याङ्कअनुसार छ महिनामा २५ अर्ब ४२ करोड रुपैयाँ बराबरको प्रशोधित भटमासको तेल निर्यात भएको छ । यसका साथै ३ अर्ब ५५ करोड रुपैयाँको सूर्यमुखी तेल र २ अर्ब २५ करोड रुपैयाँ बराबरको पाम तेल पनि विदेश पठाइएको छ ।

खाद्य सामग्रीसँगै औद्योगिक उत्पादनको निर्यातमा पनि बीरगन्ज नाका सक्रिय देखिएको छ । यस अवधिमा ३ अर्ब ४८ करोड रुपैयाँ मूल्य बराबरको फलफूलको जुस तथा १ अर्ब ७८ करोड रुपैयाँ बराबरका विभिन्न किसिमका कपडाहरू निर्यात भएका छन् । कच्चा पदार्थ आयात गरी नेपालमै प्रशोधन गरेर पुनः निर्यात गरिने वस्तुको अन्तर्राष्ट्रिय माग बढेसँगै बीरगन्ज नाकाबाट हुने व्यापारिक गतिविधि थप बढेको भन्सार कार्यालयले जनाएको छ ।

# रवि लामिछानेविरुद्धको अभियोग हटाउने निर्णयमाथि सर्वोच्चको तगारो



**काठमाडौं, ०८ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेविरुद्ध लगाइएका गम्भीर फौजदारी अभियोगहरू हटाउने महान्यायाधिवक्ता कार्यालयको निर्णयमाथि सर्वोच्च अदालतमा आज सुनुवाइ हुँदैछ । महान्यायाधिवक्ताको कार्यालयले लामिछानेमाथि लगाइएका 'सम्पत्ति शुद्धीकरण' र 'सङ्गठित अपराध' सम्बन्धी अभियोग फिर्ता लिने गरी गरेको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतका न्यायाधीशद्वय मनोजकुमार शर्मा र बालकृष्ण ढकालको संयुक्त इजलासमा पेसी तोकिएको हो । यसअघि न्यायाधीश अब्दुल अजिज मुसलमानको एकल इजलासले विपक्षी पक्षसँग लिखित जवाफ माग गरेसँगै मुद्दा अगाडि बढेको थियो ।महान्यायाधिवक्ता सविता भण्डारीले गत पुस ३० गते कास्की, काठमाडौं, रुपन्देही र पर्सा जिल्ला अदालतमा विचाराधीन मुद्दाहरूमा लामिछानेविरुद्ध कायम गरिएको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी दाबी नहुने गरी अभियोग पत्र संशोधन गर्ने निर्णय गरेकी थिइन् । उक्त निर्णयमा लामिछानेमाथि राजनीतिक प्रतिशोधका आधारमा मुद्दा चलाइएको र सहकारी पीडितको हितलाई प्राथमिकता दिनुपर्ने तर्क प्रस्तुत गरिएको थियो । तर, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहितका कानुन व्यवसायीहरूले उक्त निर्णयलाई कानुनको दुरुपयोग र बदनियतपूर्ण कार्य भएको आरोप लगाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् । रिट निवेदकहरूले मुलुकी फौजदारी कार्यविधि संहिताको गलत व्याख्या गरी मुद्दा फिर्ता लिने उद्देश्यले अभियोग संशोधन गरिएको दाबी गरेका छन् । विशेषगरी सम्पत्ति शुद्धीकरणजस्तो गम्भीर आर्थिक अपराधमा उन्मुक्ति दिँदा नेपाल अन्तर्राष्ट्रिय वित्तीय कारबाही कार्यदल (एफएटीएफ) को कालोसूचीमा पर्ने जोखिम बढ्ने र यसले देशको अन्तर्राष्ट्रिय साखमा गम्भीर असर पार्न सक्ने चेतावनी रिटमा उल्लेख गरिएको छ ।

मिलापत्र हुन नसक्ने प्रकृतिका यस्ता जघन्य अपराधमा राज्यले स्वेच्छाचारी निर्णय गरेमा हजारौं सहकारी पीडितको न्याय पाउने अधिकार प्रभावित हुने जिकिर गरिएको यस मुद्दालाई अहिले व्यापक चासोका साथ हेरिएको छ ।

# महोत्तरीमा दलभन्दा स्वतन्त्र उम्मेदवारको सङ्ख्या बढी




**जनकपुर,०८ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरी जिल्लामा दलगत उम्मेदवारको तुलनामा स्वतन्त्र उम्मेदवारको सङ्ख्या बढी देखिएको छ । चार निर्वाचन क्षेत्र रहेको महोत्तरीमा कुल ८८ जना स्वतन्त्र उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका छन् भने विभिन्न राजनीतिक दलबाट उम्मेदवारी दिने संख्या ५५ जनामा सीमित रहेको छ । जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार दलगत उम्मेदवारमध्ये निर्वाचन

बाँकी तेश्रो पृष्ठमा⇨

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा